सरुमारानी गाउँपालिका

# स्थानीय राजपत्र

खण्डः५, संख्याः२, असार १० गते, २०७८ साल

## भाग-१

## सरुमारानी गाउँपालिका

### सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७८

सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा प्रवाह तथा कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको विनियोजन ऐन, २०७८

**प्रस्तावना :** सरुमारानी गाउँपालिकाको आर्थिक बर्ष २०७८/०७९ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार प्रदान गर्न र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम सरुमारानी गाउँपालिकाको गाउँसभाले यो ऐन बनाएकोछ ।

**१. संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम"सरुमारानी गाउँपालिकाको विनियोजन ऐन, २०७७" रहेकोछ ।

(२) यो ऐन आर्थिक वर्ष २०७८।०७९ बाट प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकारः**

(१) आर्थिक वर्ष २०७८/०७९ को निमित्त गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय, विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुका निमित्त **अनुसूची-१** मा उल्लिखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम रु. ४६,५९,५३,२४८/-(अक्षेरुपी छ्यालिस करोड उनान्साठी लाख त्रिपन्न हजार दुईसय अठ्चालिस मात्र) मा निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजनः** (१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७८/०७९ को निमित्त सरुमारानी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका कार्यालय, वडा कार्यालय र विषयगत शाखाहरुले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनै शीर्षकमा बचत हुने र कुनै शीर्षकमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाको बैठकले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको २५ प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षक तर्फ सार्न र बित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको २५ प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँसभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची-१

## (दफा २ संग सम्बन्धित)
## नेपालको संविधानको धारा २२९ (२) बमोजिम
## संञ्चित कोषबाट विनियोजन हुने रकम

| क.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजिगत खर्च | वित्तिय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|---|
| १. | | गाउँ कार्यपालिका कार्यालय प्रशासनिक खर्च | ७०९५३७३३ | ५५०००० | ० | ७६४५३७३३ |
| २. | | विषयगत क्षेत्रहरु | ४८१२४४८५ | ३३८४५००० | ० | ८१९६९४८५ |
| ३. | | ऋणको साँवा व्याज भुक्तानि | ० | ० | ० | ० |
| ४. | | संघीय शसर्त अनुदान तर्फ | १४६९००००० | १५७०००००० | ० | १६२६००००० |
| ५. | | प्रदेश शसर्त अनुदान तर्फ | ५४४००० | ८०००००० | ० | ८५४४००० |
| ६. | | लगानी (शेयर/ऋण) | ० | ० | ० | ० |
| ७. | | विशेष तथा समपुरक रकम | ८३००००० | ५५०००००० | ० | ६३३००००० |
| ८. | | सामाजिक सुरक्षा | ४६५०००००० | ० | ० | ४६५०००००० |
| ९ | | मुख्यमन्त्री ग्रामिण विकास कार्यक्रम(विशेष अनुदान) | ३९००००० | २१००००० | ० | ६०००००० |
| ११. | | संस्था साझेदारी कार्यक्रम | २०५८६०३० | ० | | २०५८६०३० |
| | | | ३४५८०८२४८ | १२०१४५००० | ० | ४६५९५३२४८ |

जम्मा अक्षेरुपी  छ्यालिस करोड उनान्साठी लाख त्रिपन्न हजार दुईसय अठ्चालिस  मात्र ।

आज्ञाले

चिन्तामणि रेग्मी

प्रमुख प्रशासकीय अधिकृत

प्रमाणिकरण मितिः २०७८/३/१०